अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः२० कार्यपालिका स्वीकृत मितिः२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

## व्यवसायिक प्याज खेति सञ्चालन कार्यविधि,२०८२

### प्रस्तावना

प्याज खेतिको व्यवसायिकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यापक क्षेत्र विस्तार गर्न सघन रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता महसुस गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११(७) बमोजिम बर्दिवास नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम “व्यवसायिक प्याज खेति सञ्चालन कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

क) **“कार्यपालिका”** भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

ख) **“कार्यक्रम”** भन्नाले व्यवसायिक प्याज खेति कार्यक्रम सम्झनु पर्दछ ।

ग) **“नगरपालिका”** भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ ।

घ) **“लाभग्राही”** भन्नाले कार्यक्रममा आबद्ध भई व्यवसायिक प्याज खेति गर्ने कृषक,कृषक समूह,कृषि सहकारी तथा कृषि फर्म सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रम तर्जुमा र सञ्चालन

**३.कार्यक्रम तर्जुमा** :(१)व्यवसायिक प्याज खेति कार्यक्रम सञ्चालन नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्नेछ ।

**४.कार्यक्रमका मुख्य क्रियाकलाप** :(१) यस कार्यक्रमका मुख्य क्रियाकलापरु देहाय बमोजिम हुनेछन् ।

क)प्याज खेतीको क्षेत्रफल विस्तार,

ख) प्याजको उत्पादकत्व वृद्धि गर्न प्रतिफलमा आधारित अनुदान ।

**५.कार्यक्रम सञ्चालन क्षेत्रः** यो कार्यक्रम सञ्चालन क्षेत्र देहाय अनुसार हुनेछ ।

क) पकेट घोषण भएको हकमा सम्बन्धित पकेट क्षेत्रमा,

ख) नगरपालिकाले तोकेको वडा वा वडाको कुनै स्थानमा,

## परिच्छेद-३

## कार्यक्रम कार्यान्वयन प्रकृया

**६.माग संकलनः**

(१) कार्यक्रम कार्यान्वयनको लागि कार्यालयले कम्तिमा १५(पन्ध्र) दिनको समय अबधि दिई व्यवसायिक प्याज खेति गर्न ईच्छुक लाभग्राहीहरुको आवेदन माग गर्नेछ ।

(२) उपदफा (१)बमोजिम आवेदन गर्न न्यूनतम ५ कठ्ठा क्षेत्रफलमा प्याज खेति गर्नुपर्नेछ ।

(३) पर्याप्त आवेदन नपरेमा ७ (सात) दिनको म्याद दिई पुनः सूचना प्रकाशन गरिनेछ ।

(४) दफा (३)बमोजिम पनि पर्याप्त आवेदन नपरेमा नगरपालिकाले विपन्नहरुको कषक समुह तथा कृषि

सहकारीहरुबाट सोझै आवेदन लिन सक्नेछ ।

**७.मूल्यांकन,छनौट तथा सम्झौता :**

(१) प्रस्ताव मूल्यांकनको लागि देहाय बमोजिमको मूल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) आर्थिक समिति संयोजक | सदस्य |
| ग)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ)कृषि शाखा प्रमुख | सदस्य सचिव |

मुल्यांकन समतिले विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

२)मूल्यांकन विधि मूल्यांकन समितिले आफै निर्धारण गर्नेछ ।

३)मूल्यांकन समितिले लाभग्राही छनौट गरी प्रतिवेदन पेश गर्नुपनेछ ।

४)लाभग्राही छनौट प्राथमिकता देहाय बमोजिम हुनेछ ।

क) आर्थिक रुपले विपन्न व्यक्तिहरुको कृषक समूह,कृषि सहकारी

ख) महिला कृषक समूह

ग)महिला सदस्य (१०० भन्दा बढी भएको ) कृषि सहकारी

घ)कृषक तथा कृषि फर्म

५)मूल्यांकन समितिले छनौट गरेको ईच्छुक लाभग्राही सँग कार्यालयले सम्झौता गर्नेछ ।

६)सम्झौता भएको लाभग्राही सँग अनुसूचि-१ बमोजिम केही वा सबै कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## परिच्छेद-४
## जाँचपास र फरफारक

**८.कार्यक्रमको प्राविधिक मूल्यांकन,जाँचपास र फरफारक :**

१)कार्यक्रम सञ्चालन गरेको लाभग्राहीहरुले बाली कटानी हुन भन्दा १५ दिन अगावै उत्पादन परिमाण एकिनको लागि स्थलगत अनुगमन गर्न निवेदन दिनु पर्नेछ ।

२)कार्यालयले प्राविधिक टोली स्थलगत रुपमा खटाउनेछ र उक्त टोलीले कुल उत्पादन परिमाण र प्रतिफलमा आधारित अनुदान रकम खुल्ने गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

३)प्राविधिक टोलिले पेश गरेको प्रतिवेदनको आधारमा प्रचलित कानुन बमोजिम लाभग्राहीको बैङ्क खाता मार्फत अनुदान रकम भुक्तानी गरिनेछ ।

## परिच्छेद-५
## विविध

**९.अनुगमन** : (१) नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नुपर्नेछ र प्रतिवेदन पेश गर्नुपर्दछ ।

**१०.लाभग्राहीको अभिलेख** : शाखाले लाभग्राहीको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्नेछ ।

**११.अनुदानको सिमा** : यस कार्याविधि बमोजिम प्रस्तुत कार्यक्रमको लागि अनुदानको सिमा वार्षिक कार्यक्रममा आधारित भई ६० प्रतिशत देखि १०० प्रतिशत सम्म हुनेछ ।

**१२.कार्यक्रम रद्द गर्न सकिने** : प्याज खेती नगर्ने लाभग्राहीको सम्झौता रद्द गरिनेछ र कुनै पनि अनुदान रकम भुक्तनी गरिने छैन ।

**१३. अनुदानको सदुपयोग**

१) अनुदानमा प्राप्त हुने सामाग्रीहरु लक्षित वर्गले सामूहिक रुपमा प्रयोग गर्नुपर्नेछ ।
२) सामानहरु बिग्रीएमा आफै मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्नेछ,
३) अनुदान सामाग्रीहरुको दुरुपयोग गरेको पाइएमा कानून बमोजिम कारबाही हुनेछ ।

**१४. विशेष व्यवस्था :**

१) आर्थिक रुपले विपन्न, गरिब, दलित तथा पिछडिएका व्यक्तिहरु नछुटुन भनी कार्यालयले त्यस्ता व्यक्तिहरुको कृषक समूह गठन गरी प्रस्ताव पेश गर्न लगाउन सक्नेछ ।

**१५.बाधा अड्काउ फुकाउ र संशोधन** : (१)यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई बाधा परेमा कार्यालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) कार्यपालिकाले यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ

## अनुसूचि-१

**क्रियाकलापहरु : प्याज खेतिको क्षेत्रफल विस्तार**

क) स्थलगत तालिम तथा अभिमुखिकरण कार्यक्रम

ख)वीउ खरिदमा सहयोग

ग)यान्त्रिकरणमा सहयोग

घ)आकस्मीक बाली संरक्षण सेवा

ङ)प्लास्टिक घर/नर्सरी निर्माण सहयोग

च)जर्मिनेशन ट्रे/प्लाष्टिक गमला/थोपा सिचाई सहयोग

छ)साना सिचाई सहयोग

ज) माग बामोजिम अन्य सहयोग

## अनुसूचि-२

**प्याज खतिमा प्रतिफलमा आधारित अनुदान**

१) प्रति कठ्ठा कम्तिमा ३ क्वीन्टल (३०० के.जी) उत्पादनमा बढि प्रति केजी ३(तिन) रुपैया अनुदान रकम प्रदान गरिनेछ ।

२)प्रति कठ्ठा कम्तिमा ३ क्वीन्टल (३०० के.जी) भन्दा कम उत्पादन गर्ने कृषकलाई अनुदान उपलब्ध गराईने छैन ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत